# इ-सेवाको ब्रान्ड गीत 'सबै, सधैँ, सँगै' सार्वजनिक

■ आर्थिक संवाददाता
काठमाडौं, माघ १९




इ-सेवाको ब्रान्ड गीत 'सबै, सधैँ, सँगै' सार्वजनिक भएको छ । इ-सेवाको १७औँ वार्षिकोत्सवका अवसरमा इ-सेवाको आधिकारिक युट्युब च्यानलबाट उक्त गीत सार्वजनिक गरिएको हो ।

इ-सेवाको मूल ब्रान्ड नारा 'सबै, सधैँ, सँगै' मा आधारित यस गीतले आपसी साथ, भरोसा र एकताको भावनालाई उजागर गरेको छ । साथै, यस गीतले परिवर्तन र चुनौतीका बीच पनि एकअर्काको साथमा उभिने सन्देश बोकेको छ । गीतमा एकअर्कालाई साथ दिँदाको मौन शक्ति र सामूहिक एकतालाई उत्सवका रूपमा प्रस्तुत गरिएको छ । आर्थिक गतिविधिलाई सरल, सुरक्षित र सबैका लागि पहुँचयोग्य बनाउने मूल उद्देश्यसहित भुक्तानीसम्बन्धी सेवाहरू प्रदान गर्दै आएको इ-सेवाले 'सबैलाई समेट्ने, सधैँ साथ दिने र सँगै अघि बढ्ने' मूल मान्यता बनाएको छ । इ-सेवाको ब्रान्ड गीतमा पनि सोही भावना व्यक्त गरिएको छ ।

विप्लव प्रतीकको शब्दमा रहेको यस गीतमा मनोज कुमार केसीले संगीत भरेका छन् । त्यस्तै, गीतमा नेपालका नौ जना चर्चित गायक गायिकाहरु सुबानी मोक्तान, शीतल मोक्तान, प्रजिना, रोहित जोन क्षेत्री, प्रिजोल नेपाली, रिना गिरी, सुशान्त घिमिरे र प्रवेश कुमार श्रेष्ठले स्वर दिएका छन् । यसै गरी, गीतमा प्रिन्स नेपालीको सारङ्गी वादन रहेको छ ।

यो गीत कठिन समयदेखि परिवर्तनको यात्रासम्म एकअर्कालाई साथ दिँदै अघि बढ्ने विश्वासको प्रतिनिधित्व हो । यो गीत, साथ र सहकार्यको शक्तिमा विश्वास गर्ने सबैका लागि समर्पित गरिएको इ-सेवाले जनाएको छ । यो गीत सहज समयमा मात्र नभई अनिश्चित र चुनौतीपूर्ण क्षणहरूमा पनि एकअर्कालाई सधैँ साथ दिने भावनाको कथा हो ।

# डिप्रोक्स लघुवित्तद्वारा एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई प्रोत्साहन

■ आर्थिक संवाददाता
काठमाडौं, माघ १९

डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेडले आफ्नो संस्था स्थापना दिवसको अवसरमा २०८१ सालको माध्यमिक शिक्षा परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने सदस्यका छोरा/छोरीहरूलाई नगद पुरस्कार तथा प्रशंसा-पत्र प्रदान गरेको छ ।

वित्तीय संस्थाका देशभर रहेका एक सय ५८ वटै शाखा कार्यालय मार्फत एकैसाथ सञ्चालन गरिएको यस प्रोत्साहन कार्यक्रमअन्तर्गत शैक्षिक उत्कृष्टता हासिल गर्ने विद्यार्थीहरूलाई सम्मान गरिएको हो ।

पुरस्कृत विद्यार्थीहरूले संस्थाको सहयोगले थप हौसला प्राप्त भएको प्रतिक्रिया दिएका छन् । शिक्षा क्षेत्रमा लगानी र प्रोत्साहन गर्दै आएको डिप्रोक्स लघुवित्तले विद्यार्थीहरूमा प्रतिस्पर्धात्मक भावना, आत्मविश्वास र अध्ययनप्रतिको लगनशीलता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ । शिक्षा, वित्तीय समावेशिता र सामाजिक उत्तरदायित्वलाई सँगसँगै अघि बढाउदै आएको डिप्रोक्सले भविष्यमा पनि यस्ता प्रोत्साहनमुलक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

# रोटरी क्लव अफ नार्गाजुनले दियो ट्राफिक प्रहरीलाई कम्प्युटर

■ आर्थिक संवाददाता
काठमाडौं, माघ १९



रोटरी क्लव अफ नार्गाजुनले आफनो २२औँ स्थापना दिवशको अवसर पारेर उपत्यका ट्राफिक प्रहरी कार्यालयलाई उच्च गुणस्तरका कम्प्युटर र प्रिन्टर सहयोग हस्तान्त्रण गरेको छ ।

रोटरी डिस्ट्रिक ३२९२ का डिस्ट्रिक गर्भनर बिनोद कोइरालाले क्लवकातर्फबाट उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रहरी वरिष्ठ उपरिक्षक नवराज अधिकारीलाई तीन थान कम्प्युटर र एक थान प्रिन्टर सहयोग हस्तान्त्रण गरेका हुन् । ट्राफिक प्रहरीको कार्यालय रामशाहपथमा आयोजित कार्यक्रममा रोटरी डिस्ट्रिक ३२९२ का डिस्ट्रिक गभर्नर बिनोद कोइरालाले जेन-जी आन्दोलनपछि उत्पन्न परिस्थितिमा आफूहरूले सानो सहयोग हस्तान्त्रण गरेको बताए । त्यसैगरी प्रहरी वरिष्ठ उपरिक्षक नवराज अधिकारीले रोटरीलगायतका सामाजिक संस्थाहरूकै कारण ट्राफिकको पोसाकदेखि भवन निमार्ण र भौतिक संरचनामा धेरै ठूलो योगदान पुगेको बताए ।


## Qatar मा रोजगार — Al Prashana Facility Management, Qatar

पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८१/०७/०१ | चलानी नं.: ६०२२६७२८ | LT No.: 312359

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Assistant | 1 | 0 | काममा दक्ष | 1200 | ४८,३५०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Foreman (Civil) | 3 | 0 | | 2500 | १००,७३०।- | | | | | | | |
| ३. | Gen Clean Worker | 2 | 0 | | 1000 | ४०,२९०।- | | | | | | | |
| ४. | Gen Clean Workers | 3 | 1 | | 1000 | ४०,२९०।- | | | | | | | |
| ५. | Gypsum Technician | 1 | 0 | | 1500 | ६०,४४०।- | | | | | | | |
| ६. | Labourer (Male) | 1 | 0 | | 1000 | ४०,२९०।- | | | | | | | |
| ७. | Labourer/Cleaner | 1 | 0 | | 1000 | ४०,२९०।- | | | | | | | |
| ८. | Receptionist | 0 | 3 | | 1200 | ४८,३५०।- | | | | | | | |
| ९. | Receptionist/Supervisor | 1 | 1 | | 2500 | १००,७३०।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,५९६।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. २,१००।- कामदार आफैंले | निःशुल्क |

अन्तरवार्ता २०८२ माघ २७ गते (10 Feb., 2026) यस प्रा. लि. को कार्यालय पुल्चोक, ललितपुरमा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: [illegible]

यूनाईटेड ईन्टरनेशनल म्यानपावर प्रा. लि.
श्रम ईजाजत नं.: ४३४/०६०/०६१
पुल्चोक, ललितपुर, फोन.: ०१-५१५३३३०, ५१५३३३२, Email : documentunitedmanpower434@gmail.com


## नबिल बैंक लिमिटेड, अत्तरखेल शाखा, काठमाडौंको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

(प्रकाशित मिति: २०८२/१०/२०)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/१०/०८ को मध्यान्ह दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं वा अत्तरखेल शाखा, काठमाडौं**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

### तपसिल

**ऋणी फर्म र ऋणी फर्मको प्रोपाइटरको नाम र ठेगानाको विवरण**

प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धि ऐन २०७६, बमोजिम बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य भुमि तथा प्रशासन मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, काठमाडौंमा मिति २०८०/०५/१८ मा प्रा.फ.र.नं. ३-३५-३९१-२८५/२०८०/८१ अन्तर्गत दर्ता भएको **रौता रानी चिकेन सप्लायर्स ।**
ठेगानाः काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ८ ।

**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरण:**
काभ्रे जिल्ला, महादेवस्थान गा.वि.स. वडा नं. वडा नं. १ स्थायी घर भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं. ३०३०६२/७१३ (जारी मिति ०६३/१०/१२, स्थान काभ्रेपलाञ्चोक) भएकी **सुमीत्रा ढुंगाना ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

चन्द्र मणि ढुंगानाको नाति चिन्तामणि ढुंगानाको छोरा काभ्रेपलाञ्चोक जिल्ला, मण्डनदेउपुर न.पा. वडा नं. ८ स्थायी घर भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ८ बस्ने, ना.प्र.नं. १०८६१८ (जारी मितिः २०५९/०२/०५, स्थान काभ्रेपलाञ्चोक) भएका **लोक प्रसाद ढुंगाना** ।

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरण:**
काभ्रेपलाञ्चोक जिल्ला, मण्डनदेउपुर न.पा. वडा नं. ८ स्थायी घर भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ न.पा. वडा नं. ८ बस्ने, **लोक प्रसाद ढुंगाना**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको काभ्रेपलाञ्चोक जिल्ला, महादेवस्थान गा.वि.स. वडा नं. वडा नं. १, नक्सा सीट नं १ मा अवस्थित कि.नं. २६९४ क्षेत्रफल २-८-०-० रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्रफाराम रु १०००।०० दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा अत्तरखेल शाखा, काठमाडौं**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/११/०५ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा अत्तरखेल शाखा, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/११/०८ गते १:०० बजे बैंकको **अत्तरखेल शाखा, काठ**माडौंमा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा वा अत्तरखेल शाखा, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

## निक्षेपउपर हकदावी गर्ने सम्बन्धी ३५ दिने सूचना

हुत्त राज दाहालको छोरी, टंक प्रसाद ढकालको पत्नी, काभ्रेपलान्चोक जिल्ला, मण्डनदेउपुर नगरपालिका वडा नं.०१ (साविक बालुवापाटी देउपुर गा. वि. स. वडा नं. ०३) बस्ने, यस बैंकको नाल्दुम शाखाका खातावाला देव कुमारी ढकालको मिति २०८२/०७/०४ मा मृत्यु भएकाले यस बैंकमा रहेको बचत खाता नं. २५०७०६४८४३००००२८ मा भएको रकम पाउँ भनी निज खातावालाको छोरा, काभ्रेपलान्चोक जिल्ला, मण्डनदेउपुर नगरपालिका वडा नं. ०१ (साविक बालुवापाटी देउपुर गा. वि. स. वडा नं. ०३) बस्ने, लालचन्द्र ढकालले आवश्यक कागजात सहित यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त खातावालाको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११(२) बमोजिमको अग्रप्राथमिकतामा अन्य कुनै हकदार भएका भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
शाखा कार्यालय : नाल्दुम
फोन नं.: ०१-६६८०२०१

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, लाहान शाखाको १५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/१०/२० गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८२ साल भदौ महिना १९ गतेको "आर्थिक" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल मंसिर महिना ९ गतेको "आर्थिक" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा लाहान शाखा कार्यालयमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिँदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

तपसिलः

**ऋणीहरूको नाम, थर र ठेगाना :**

दशई ठाकुरको नाती, युगेश्वर ठाकुर हजामको छोरा, सप्तरी जिल्ला, कविलाशा गा.वि.स./न.पा. वडा नं. १ बस्ने **बद्री नारायण ठाकुर...१** तथा राम सुचित ठाकुरको छोरी, बद्री नारायण ठाकुरको श्रीमती, सिरहा जिल्ला, लाहान गा.वि.स./उ.म.न.पा. वडा नं. ४ बस्ने **मालती कुमारी ठाकुर...१** समेत गरी २ जना ।

**धितो सुरक्षणको विवरण :**

**मालती कुमारी ठाकुर**को नाममा मालपोत कार्यलय सिराहा, लाहानमा दर्ता श्रेस्ता कायम रहेको सिराहा जिल्ला, लाहान बजार गा.वि.स./न.पा. वडा नं. ५ (नक्सा सिट नं. ५) स्थित किता नं. ९०३ को ०-०-७-२ (वि-क-धु-क) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत ।

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा लाहान शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. बोलपत्रसाथ आफूले कबोल गरेको रकमको कम्तीमा **१० (दश)** प्रतिशत रकम यस बैंकको खाता नं. ००१०१३५१५०००००१ मा जम्मा गरेको सक्कल भौचर शिलबन्दी खाम भित्र राखि पेश गर्नु पर्नेछ ।
४. बोलपत्र खोलिने दिन सार्वजनिक बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको, केन्द्रीय कार्यालय, काठमाण्डौमा दिनको २:३० बजे प्रतिनिधिहरूको रोहबरमा प्राप्त बोलपत्र खोलिने छ । तर सबै प्रतिनिधिहरूको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
५. उल्लिखीत चल/अचल सम्पत्तीको बारेमा आवश्यक जानकारी चाहिएमा कार्यालय समय भित्रमा यस बैंकको केन्द्रीय कार्यालय नक्साल वा लाहान शाखामा सम्पर्क गर्न सकिने छ ।
६. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले १५ दिन भित्र कबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ । सो म्यादभित्र रकम जम्मा नगरेमा बोलपत्र रद्द भई धरौटी रकम स्वतः जफत हुनेछ ।
७. नामसारी गर्दा सम्बन्धित कार्यालयमा लाग्ने सम्पूर्ण बक्यौता कर, जरिवाना र शुल्क दस्तुर स्वयम् बोलकबोलकर्ताले नै व्यहोर्नु पर्नेछ ।
८. कुनै शर्त राखी पेश गरेको वा रीत नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
९. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लिखीत रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म धरौटी रकम फिर्ता हुने छैन । (सोमा कुनै व्याज रकम प्रदान गरिने छैन)
१०. इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरूले **मिति २०८२ साल फाल्गुन महिना ५ गते** कार्यालय समयभित्र बोलपत्र फारम बुझाई सक्नुपर्नेछ ।
११. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने लगायत लिलाम बिक्री सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

**लिलाम हुने/गोप्य शिलबन्दी बोलपत्र खोल्ने मिति, समय र स्थान :**

**मिति : २०८२ साल फाल्गुन महिना १० गते ।**
**स्थान : सानिमा बैंक लिमिटेड, केन्द्रीय कार्यालय, नक्साल काठमाण्डौ ।**
**समय : दिनको २:३० बजे ।**

सानिमा बैंक | www.sanimabank.com
'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सुर्खेत
सडक डिभिजन जुम्ला

## आर्थिक प्रस्ताव खोल्ने तथा बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि सूचना

(सूचना प्रकाशित मितिः २०८२/१२/२०)

यस सडक डिभिजनको सूचना नं. ०८२/८३-०२ र ०८२/८३-०४ मार्फत क्रमशः मितिः२०८२।०६।०५ र २०८२।०९।१४ को प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार तपसिल(क) बमोजिम पेश भएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव मिति २०८२।०७।१२ मा खोलिएर मूल्यांकन समितिबाट मूल्यांकन सम्पन्न भई स्वीकृत भएको हुँदा तपसिल(क)मा उल्लेखित बोलपत्रदाताहरूको प्राविधिक प्रस्ताव सारभूत रूपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली २०६४(संसोधन सहित)३१,उपनियम(ज) को दफा ५ बमोजिम मिति २०८२।१०।२७ गते, समय १:०० बजे सडक डिभिजन जुम्लामा आर्थिक प्रस्ताव खोलिने र तपसिल(ख)का बोलपत्रदाताहरूले पेश गरेका बोलपत्र सारभूत रूपमा प्रभावग्राही र न्यूनतम मूल्यांकित रहेकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सोहि ऐनको दफा २७ को उपदफा (२) र (३) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

तपसिल (क)

| Contract No. RDJML/337011694/082/83-08 | Contract No. RDJML/337011694/082/83-09 | Contract No. RDJML/337011694/082/83-10 | Contract No. RDJML/337011694/082/83-11 |
|---|---|---|---|
| 1. Birat Nirman Sewa<br>2. Shandhaya-AR-Ramesh JV<br>3. K.R-Saraswati JV<br>4. Dhungeshwori-Rcon-Birat JV<br>5. Shakti-Kamlesh JV<br>6. Sishan-Pratika JV<br>7. Bajrang-Ons JV | 1 Birat-Suklaphanta JV<br>2 Parbati -Badimalika - P.N.S J.V | 1. Purna Nirman Sewa<br>2. Gajanan- Shine J/V<br>3. Satyawati -Chiranjibi Joint Venture<br>4. Aahana-S.K.D. JV<br>5. P.L - P.N.S J.V<br>6. Rajadhani Construction | 1. Birat Nirman Sewa<br>2. Purna Nirman Sewa<br>3. KARNALI-THE CREEPAR JV\<br>4. Aahana-Ramkala-S.K.D. JV<br>5. KKJ/Dajuvai-JV<br>6. TAMAKOSHI -DIAMOND J.V. |

तपसिल (ख)

| S.N | Contract Number | Work Description | Name and address of Contractor | Quoted Amount NRs. (Including VAT & PS) |
|---|---|---|---|---|
| 1 | RDJML/337011384/ 082/83-06(Re) | Construction of Hume pipe culverts and Rigid pavement works including structural works along Nagma-Gothijiula section of Surkhet Dailekh Mahabulekh Galje Nagma Gamgadhi Nakchalagna Road (NH-60), Jumla | M/S Prabidhi Nirman Sewa. Jumla | 22,87,927.72 |
| 2 | RDJML/33701138-4/ 082/83-16 | Road improvement works including structural works along Kudari-Khalanga, Jumla section (NH-56), Jumla | M/S Prabidhi Nirman Sewa. Jumla | 12,86,511.78 |

डिभिजन प्रमुख